# मानमिन समाचार

अंक २८ जनवरी ३०, २०१७


# एनआरबी सम्मेलन र प्रदर्शनी २०१७ मा जीसीएनको सहभागिता

## उहाँहरूले थुप्रै प्रसारणकर्ताहरू र जीसीएनका दर्शकहरूसित भेट्नुभएर प्रसारण सेवकाइको प्रभावलाई पुष्टि गर्नुभयो




संयुक्त राज्य अमेरिकाको फ्लोरिडा राज्यको ओर्लान्डोमा अवस्थित ओर्लान्डो वर्ल्ड सेन्टर मेरियोटमा फेब्रूअरी २७ देखि मार्च २ तारिखसम्म आयोजना गरिएको एनआरबी २०१७ अन्तर्राष्ट्रिय इसाई संचार माध्यमहरूको सम्मेलन र प्रदर्शनीमा जीसीएन सहभागी भएको थियो।

एनआरबी (राष्ट्रिय धार्मिक प्रसारणकर्ताहरू) इसाई प्रसारणकर्ताहरूको हक-अधिकार सुरक्षित गर्नको लागि गठन गरिएको हो। संयुक्त राज्य अमेरिकाको नेतृत्वमा अहिले लगभग १,४०० वटा संगठनहरू यसमा आबद्ध भई प्रविधि र कार्यक्रमहरू एकआपसमा आदनप्रदान गरिरहेका छन्। सन् २०१७ मा, प्रोटेस्टेन्ट सुधारको ५०० औं वार्षिकोत्सवमा, २०० भन्दा बढी समूहहरू सहभागी हुनुभएको थियो र उहाँहरूले प्रसारण सेवाको निम्ति आ-आफ्ना दर्शनहरू बाँड्चूड गर्नु भएको थियो।

फेब्रूअरी २७ मा जीसीएन ग्रेट कमीशन रिसेप्सनमा सहभागी भयो जहाँ इसाई प्रसारणकर्ताहरूले सङ्गति गर्नुभएको थियो। त्यहाँ उहाँहरूले सिनियर पास्टर डा. जेरक लीको परिचय दिनुभयो र उहाँको शक्ति र चर्चको प्रसारण सेवकाइबारे प्रचार गर्नुभयो। त्यसपछिको प्रारम्भिक सत्रले एनआरबी सम्मेलनको औपचारिक शुरुवातको घोषणा गऱ्यो।

फेब्रूअरी २८ मा, न्यूयोर्क च्यानल १७, टी.बी.एन. रसिया, इम्प्याक्ट टिभी (यू.एस. मा प्रसारण हुने एकमात्र रसियन टिभी) र राइट कास्ट (इन्टरनेट स्ट्रिमिङ प्रसारणकर्ता) का अध्यक्षहरूका साथै थुप्रै व्यक्तिहरूले जीसीएन बूथको निरीक्षण गर्नुभयो। उहाँहरूले सूचना आदान प्रदान गर्नको लागि निश्चित तरिकाहरूकाबारे र जीसीएनको विश्वव्यापीकरणको निम्ति निकट साझेदारीको बारेमा छलफल गर्नुभयो।

एनआरबीको अध्यक्ष डा. जेरी जोनसन र एनआरबीका अगुवाहरूले जीसीएन बूथको निरीक्षण गर्नु भएर यसो भन्दै उहाँहरूलाई प्रोत्साहन दिनुभयो, "अहिलेको हाम्रो आवश्यकता भनेको परमेश्वरको वचन हो। यसको प्रचारप्रसार गर्ने जीसीएन हाम्रो साथमा हुनु यो हाम्रो निम्ति अत्यन्तै खुशीको कुरा हो।" भूतपूर्व अध्यक्ष, डा. फ्रैंक राइट आउनु भएर उहाँहरूलाई स्वागत गर्नुभएको थियो। डा. मिखाइल मोन्यूलिस, यू.एस. मा आत्मिक कूटनीति अभियानका अध्यक्ष र श्री. डयान उडिङ्ग, एसिस्ट न्यूज सर्भिसका अध्यक्षले डा. जेरक ली र मानमिनका सदस्यहरू प्रति उहाँहरूको प्रेम व्यक्त गर्नुभयो।

जीसीएनका थुप्रै दर्शकहरू आउनुभएर उहाँहरूले आफ्नो अनुभव बारे गवाही दिनुभयो। यसले प्रसारण सेवकाइको असर र आश्चर्यजनक प्रभावलाई पुष्टि गऱ्यो। फ्लोरिडा राज्यमा बसोबास गर्नुहुने डिकनेस सुन्जा चोले आँसु बगाउँदै भन्नुभयो, "यदि मैले डा. जेरक लीको वचन नसुनेको भए, आफू स्वर्गको विपरीत दिशातर्फ गइरहेको कुरा मैले महसुस नै गर्ने थिइनँ। बाइबलमा भएको परमेश्वरको इच्छा मलाई सिकाउनु भएको निम्ति म डा. लीलाई धन्यवाद दिँदछु।" बहिनी चोस्यूलो नोमा, इनलाशे (ल्याटिन अमेरिकाको एक प्रमुख प्रसारणकर्ता) को दर्शक ले भन्नुभयो, "आइतबार बिहानीको सेवामा प्रसारित डा. लीका वचनहरू मार्फत् मैले धेरै अनुग्रह प्राप्त गरेकी छु। यस्तो सुन्दर कार्यक्रमको निम्ति म एकदमै आभारी छु।" ग्लोरी स्टार टिभीको एक कर्मचारीको अनुसार, संयुक्त राज्य अमेरिकामा २५०,००० भन्दा बढी मानिसहरूले जीसीएन हेर्ने गर्नु हुन्छ र यो संख्या प्रति वर्ष २५,००० ले वृद्धि हुँदै गइरहेको छ। उहाँले भन्नुभयो, "वचन, स्तुति-प्रशंसा र प्रस्तुतिहरू एकदमै उत्कृष्ट छन्।"

मार्च १ मा, जीसीएनलाई मीडियाका नेतृत्व तहमा रहेकाहरूका लागि आयोजना गरिएको रात्रिभोज र यरूशलेमको पुनरेकीकरणको ५० औं वार्षिकोत्सवमा निमन्त्रणा दिइएको थियो, जहाँ उहाँहरूले विगतमा भेट्नु भएका थुप्रै प्रसारणकर्ताहरूसित भेटघाट र परिचय गर्नुभयो। दिवा सत्रमा आयोजित कार्यक्षेत्र सम्बन्धी प्रशिक्षणमा, जीसीएनको निर्देशक एल्डर जोनी जे. किमले समुद्रपारका क्रूसेडहरूमा डा. जेरक लीले गर्नु भएका शक्तिशाली कार्यहरू र सम्पूर्ण जाति तथा राष्ट्रहरूलाई जागा तुल्याउने जीसीएनको सेवकाइ बारे प्रचार गर्नुभयो।

आरएनबीको उपाध्यक्ष आन्द्रे बिनयोक र पास्टर ली स्ट्रोबेल जसका कथा वस्तुको आधारमा 'दी केस फर क्राइष्ट' चलचित्र निर्माण भएको थियो, उहाँहरूले जीसीएन बूथको निरीक्षण गर्नुभयो र जीसीएनसित सङ्गति गर्नुभयो। मार्च २ मा, जीसीएनले बेलो समूहको प्रकाशक र एनआरबी टिभीको अध्यक्ष ट्रय मिलरसित भेटघाट गर्नुभयो।

सन् २००५ मा स्थापना भए पश्चात्, जीसीएनले सार्वजनिक, भू-उपग्रह, र केबल टिभी प्रसारणकर्ताहरू सहितका थुप्रै प्रमुख प्रसारणकर्ताहरूसित सहकार्य स्थापित गर्दै आइरहेको छ। फलतः ती सञ्चार माध्यमहरूले डा. लीको जीवनको वचन र शक्तिशाली कार्यहरूमा आधारित विविध कार्यक्रमहरूलाई १७० भन्दा बढी देशहरूमा फैलाउँदै हुनुहुन्छ।

### "डा. जेरक लीको वचन बुझ्न एकदमै सरल छ"

अध्यक्ष यूरी केरनेस्की, इम्प्याक्ट टिभी (रसियन), संयुक्त राज्य अमेरिका



थुप्रै रूसी जीसीएन दर्शकहरूले प्रशंसनीय समीक्षा र प्रतिक्रियाहरू पठाउनु भएको छ। उहाँहरू डा. लीको शिक्षालाई आदर गर्नुहुन्छ। यस शिक्षा मार्फत उहाँहरूले परमेश्वर र बाइबलको बारेमा धेरै स्पष्ट समझ प्राप्त गरेको कुरा बताउनु भएको छ।

डा. जेरक लीले परमेश्वरबाट प्रकाश प्राप्त गर्नुभयो र त्यसबारे उहाँले वचन प्रचार गर्नुभयो। ती महान् आशिष्हरूका वचनहरू हुन्। दर्शकहरूमध्ये थुप्रैले स्वर्ग र नरकको बारेमा थाहा पाउनुभएको छ र कसरी बाइबलले वचनहरू मार्फत् सत्यता सिकाउँदछ भन्ने कुरालाई महसुस गर्नु भएको छ। उहाँको सेवकाइमा उल्लेखनीय दक्षता, क्रमिकता, आत्मिक सिद्धान्तहरू तथा संगठित शक्ति जस्ता विशेषताहरू रहेका छन्। परमेश्वरको महिमाको निम्ति जीसीएनसितको हाम्रो सम्बन्ध अझ प्रगाढ हुनेछ भन्ने कुरामा म विश्वस्त छु।

# तपाईंको हृदयका इच्छाहरू प्राप्तिको लागि



डा. जेरक ली

परमप्रभुमा आनन्दित होऊ,
र उहाँले तिम्रो मनोरथ पूर्ण गर्नुहुनेछ
(भजनसंग्रह ३७:४) ।

हरेक व्यक्तिको आ-आफ्नै हृदयका चाहनाहरू हुँदछन् । अनुग्रह र प्रेमले भरिपूर्ण परमेश्वरको निम्ति उहाँका छोरा छोरीको चाहना पुरा गरिदिनु कठिन काम होइन । यदि हामी उहाँको हृदय बुझ्छौं र उहाँलाई प्रसन्न तुल्याउँदछौं भने, उहाँले हाम्रो हृदयको इच्छा पूरा गरिदिनु हुनेछ ।

### १. तपाईंमा परमेश्वरलाई प्रसन्न तुल्याउने आत्मिक विश्वास हुनुपर्दछ

"परमप्रभुमा आनन्दित होऊ" ले मानवीय भावनाका साथ आनन्दित हुने कुरालाई नभई, परमेश्वरले दिनुभएको आत्मिक खुशीमा आनन्दित हुने कुरालाई जनाउँदछ ।

रोमी १५:१३ ले भन्दछ, "आशाका परमेश्वरले तिमीहरूलाई विश्वासद्वारा सम्पूर्ण आनन्द र शान्तिले भरिपूर्ण गरिदिऊन्, यस हेतुले कि पवित्र आत्माको शक्तिले तिमीहरू आशामा प्रशस्त हुन सक ।" यदि हामी परमेश्वरलाई प्रसन्न तुल्याउँदछौं भने त्यसको बदलामा उहाँले हामीलाई खुशी दिनुहुनेछ । अर्थात्, माथिबाट हामीमा आत्मिक खुशी खन्याइनेछ ।

त्यसोभए, परमेश्वरलाई कुन कुराले प्रसन्न तुल्याउन सक्छ ? बाइबलमा हेर्ने हो भने परमेश्वर उहाँको आदरपूर्ण भय मान्ने धार्मिक जनहरूसित आनन्दित बन्नुहुन्छ । उहाँ धार्मिकता र न्यायसित प्रसन्न हुनुहुन्छ । उहाँ सबै प्रकारका असल कार्यहरू, अरूसित बाँड्चूड गर्ने हृदय, हृदयदेखि नै चढाइएका भेटीहरू, धार्मिक बलिदान र सम्पूर्ण 'होमबलि' हरूमा आनन्दित बन्नुहुन्छ । सुसमाचार प्रचार गर्दा र परमेश्वरको प्रशंसा गर्दा उहाँ आनन्दित बन्नुहुन्छ । परमेश्वरलाई प्रसन्न तुल्याउने सबैभन्दा मुख्य कुरा आत्मिक विश्वास हो ।

हिब्रू ११:६ ले भन्दछ, "विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ । किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ ।" हामीले चढाएको प्रशंसा, प्रार्थना, आराधना, भेटीहरू र असल कार्यहरूले परमेश्वरलाई तब मात्र प्रसन्न तुल्याउँदछ जब हामी आत्मिक विश्वासका साथ ती कुराहरू उहाँमा अर्पण गर्दछौं ।

हामीमा परमेश्वरलाई खुशी तुल्याउने यस प्रकारको विश्वास भएको खण्डमा मात्र, हामीले मागेका कुराहरू हामी प्राप्त गर्न सक्छौं (मत्ती १७:२०; मर्कूस ९:२३) । एलियाले प्रार्थना गर्नु हुँदा पानी परेर तीन वर्ष लामो खडेरी अन्त्य भएको थियो, दानिएलले सिंहको खोरमा सुरक्षा पाउनुभएको थियो । समुद्र दुइ भागमा विभाजन भएको थियो, सूर्य र चन्द्र अडिएका थिए र जङ्गली पशुहरू पराजित भएका थिए । रोग बिमार र कमजोरीहरू निको भएका थिए र मृतकहरू समेत जीवित भएका थिए ।

त्यसोभए विश्वासको स्वीकारोक्ति दिएतापनि किन मानिसहरू उत्तर प्राप्त गर्न सक्दैनन् त ? योचाहिँ तिनीहरूमा शारीरिक विश्वास, अर्थात् ज्ञानरूपी विश्वास भएको कारणले गर्दा हो । परमेश्वरलाई प्रसन्न तुल्याउने आत्मिक विश्वास नै साँचो विश्वास हो । विश्वासको पुर्खा अब्राहाममा परमेश्वरले मृतकहरूलाई पुनर्जीवित पार्न सक्नुहुन्छ भन्ने विश्वास भएकाले गर्दा परमेश्वरले उहाँको एकमात्र छोरा इसहाक होमबलि चढाउन भनी दिनुभएको आज्ञालाई उहाँले पालना गर्न सक्नुभयो ।

### २. आत्मिक विश्वासका साथ मागेका जुनसुकै कुराहरू तपाईं प्राप्त गर्न सक्नुहुन्छ

हिब्रू १०:२२ ले भन्दछ, "हाम्रा हृदय खराब विवेकबाट छर्कोद्वारा चोख्याइएर र शुद्ध पानीले हाम्रो शरीरलाई धोएर साँचो हृदयले विश्वासको सम्पूर्ण भरोसामा हामी परमेश्वरको समीप जाऔं ।"

प्रभुको रगतद्वारा पाप क्षमा पाएपछि, उपहार स्वरूप हामीलाई पवित्र आत्मा दिइन्छ । परमेश्वरको वचन सुन्दा पवित्र आत्माको सहायताद्वारा हामी आफूभित्र रहेका पाप र दुष्टताहरू पत्ता लगाउन सक्छौं । रीस, घृणा, लोभ, व्यभिचारी मन, न्याय, निन्दा र छल हामी आफूभित्र रहेको पाउँदछौं । जब हामी आफूभित्र भएका दुष्टताहरूलाई महसुस गर्दछौं, तब त्यसलाई त्याग्न र सत्यताद्वारा परिवर्तन हुन हामी हार्दिकतापूर्वक प्रार्थना गर्न सक्छौं ।

जति मात्रामा हाम्रो हृदय शुद्ध पानीको छर्कोद्वारा धोइएको जस्तै गरी चोख्याइन्छ, त्यति नै मात्रामा हामी दुष्टताविहिन निष्कपट हृदय प्राप्त गर्न सक्छौं र परमेश्वरले दिनुहुने विश्वासको पूर्ण निश्चयता पाउन सक्छौं । जब हामी यस प्रकारको आत्मिक विश्वास प्राप्त गर्दछौं, तब परमेश्वर हामीसित आनन्दित बन्नुहुनेछ, हामीलाई प्रेम गर्नुहुनेछ र हामीले मागेका कुराहरू हामीलाई दिनुहुनेछ । हामीलाई चाहिने कुराहरू समेत उहाँले अघिबाटै हाम्रो निम्ति तयार गरिदिनु हुनेछ ।

म सात वर्षसम्म थुप्रै रोगहरूबाट ग्रस्त थिएँ तर परमेश्वरले मलाई निको पार्नुभयो र मैले उहाँलाई प्रसन्न तुल्याउने र उहाँको अनुग्रहको ऋण तिर्ने उपायहरू खोजी गर्न थालें । मैले मेरो सम्पूर्ण जीवन नै उहाँमा अर्पण गरें । परमेश्वरलाई प्रसन्न तुल्याउँदा र उहाँको महिमा प्रकट गर्दा मात्र मेरो हृदय आनन्दले भरिन्थ्यो । परमेश्वरले हामीलाई सबै प्रकारका दुष्टताहरू त्याग्न भन्नुभएकोले गर्दा, मैले रगत बगाउने बिन्दुसम्म पाप र दुष्टताहरूको विरुद्धमा संघर्ष गरें र त्यसलाई त्यागें । परमेश्वर भलाइ, धार्मिकता र ज्योतिमा आनन्दित बन्नुहुने भएकोले गर्दा मैले आफ्नो हृदय सत्यताद्वारा भरें । आत्माहरू बाँच्दा परमेश्वर आनन्दित बन्नुहुने भएकोले गर्दा, एउटा मात्र भएपनि बढी आत्मालाई मुक्तिमा डोऱ्याउन र सुसमाचार प्रचार गर्न मैले उपवास र प्रार्थना गरिरहें ।

मैले केवल विश्वासद्वारा मात्र जिएँ, परमेश्वरले मेरा हरेक प्रार्थनाहरूको उत्तर दिनुभयो जसले गर्दा मलाई कुनै पनि कुराको खाँचो भएन । मैले केही कुराको इच्छा गर्न साथ उहाँले त्यो पूरा गरी दिइहाल्नु हुन्थ्यो । थपअझ, मैले प्रार्थनामा नमागेका कुराहरूसमेत उहाँले पछि मलाई आवश्यक पर्नेछ भन्ने जान्नुभई मेरो निम्ति तयार गरी दिनुहुन्थ्यो र उपयुक्त समयमा मलाई दिनुहुन्थ्यो । परमेश्वरलाई अझ महान् तवरले महिमा दिनु, येशू हाम्रो एकमात्र मुक्तिदाता हुनुहुन्छ र बाइबल सत्य छ भन्ने कुरा विश्वभरि फैलाउनु नै मेरो प्रार्थनाको विषय थियो ।

परमेश्वरले मेरो प्रार्थना सुन्नुभएर विश्वभरि उद्धार पाउने आत्माहरूको संख्या वृद्धि गरिदिनुभयो र मलाई दिइएको उहाँको प्रतिज्ञा पूरा गर्नुभयो । मृत्युको जोखिममा पर्दा समेत, कुन कुरादेखि परमेश्वर प्रसन्न बन्नुहुन्छ सो थाहा भएकोले र त्यस कुरालाई पछ्याएको खण्डमा उहाँले मलाई सुरक्षा दिनुहुनेछ भन्ने कुराको विश्वास ममा भएकोले गर्दा मैले विश्वासका साथ काम गर्न सकें । अनि परमेश्वरले मलाई उहाँको आनन्दको प्रमाण स्वरूप उहाँको शक्ति दिनुभयो ।

### ३. परमेश्वरलाई विश्वासद्वारा खुशी बनाउनु भएको खण्डमा तपाईंले प्रशस्त फल फलाउन सक्नुहुनेछ

मोशामा कस्तो विश्वास भएको कारण उहाँले परमेश्वरका कार्यहरू गर्न सक्नुभएको थियो भन्ने कुरा यहोशूले देख्नुभएको थियो । मोशाले दुष्ट र अनाज्ञाकारी मानिसहरूलाई क्षमा र प्रेम गर्नुभएको, परमेश्वरको राज्यको खातिर आँसुसहित अन्तर्विन्तीहरू चढाउनुभएको र परमेश्वरको हृदयलाई छुने प्रार्थनाहरू अर्पण गर्नुभएको यहोशूले देख्नुभएको थियो । युद्धमा मोशाले देखाउनुभएको साहस र पाप तथा दुष्टताको विरुद्धमा उहाँले गर्नुभएको इन्साफ यहोशूले देख्नु भएको थियो ।

यसैबीच, उहाँले परमेश्वरको हृदयलाई बुझ्न सक्नुभयो र परमेश्वरको हृदयलाई कसरी छुने भनी सिक्नुभयो । मोशाबाट साँचो विश्वासको बारेमा सिक्नुभएपछि, उहाँले इस्राएलीहरूको दोस्रो पुस्तालाई अगुवाइ गर्न, कनान भूमिमा प्रवेश गर्न र त्यसलाई जित्न सक्नुभयो ।

यदि तपाईंले प्रभुलाई ग्रहण गर्नु भएर वरदान स्वरूप पवित्र आत्मा प्राप्त गर्नु भएको छ भने, बाइबलीय घटनाहरू र अन्य सदस्यहरूको गवाहीहरूद्वारा कसरी परमेश्वरका कार्यहरू प्रकट गर्ने, परमेश्वरको हृदय छुने र उहाँबाट शक्ति प्राप्त गर्ने भन्ने कुरा समेत सिक्न सक्नुहुनेछ । यसर्थ, तपाईंको समस्या जतिसुकै जटिल भएतापनि पवित्र आत्माका कार्यहरूमा विश्वास गरी परमेश्वरलाई खुशी तुल्याएको खण्डमा तपाईंले परमेश्वरका कार्यहरू अनुभव गर्न सक्नुहुनेछ ।

खीष्टमा प्रिय दाजुभाइ तथा दिदीबहिनीहरू, तपाईंको हृदयको इच्छा प्राप्त गर्ने सबैभन्दा सरल मार्ग भनेको तपाईंहरूले सिक्नुभएको परमेश्वरलाई खुशी तुल्याउने तरिकाहरूलाई पालना गर्नु हो । तपाईंहरूले विश्वासको सम्पूर्ण भरोसामा शुद्ध हृदय हासिल गर्नु भएको होस् र हरेक कुरामा परमेश्वरलाई खुशी तुल्याउनु भएको होस् भनी म प्रभुको नाउँमा प्रार्थना गर्दछु ।

## विश्वासको स्वीकारोक्ति

१. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि बाइबल परमेश्वरद्वारा दिइएको सिद्ध र त्रुटिरहित वचन हो ।
२. मानमिन केन्द्रिय मण्डली त्रिएक परमेश्वर : पवित्र पिता परमेश्वर, पवित्र पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वरको एकत्व र कार्यमा विश्वास गर्दछ ।
३. मानमिन केन्द्रिय मण्डलीले विश्वास गर्दछ कि हामीले हाम्रो पापको क्षमा केवल येशू खीष्टको छुटकारा दिने रगतद्वारा प्राप्त गर्दछौं ।
४. मानमिन केन्द्रिय मण्डली येशू खीष्टको पुनरुत्थान र स्वर्गारोहण, उहाँको दोस्रो आगमन र सहस्राब्दी र अनन्त स्वर्गमा विश्वास गर्दछ ।
५. मानमिन केन्द्रिय मण्डलीका विश्वासीहरु हरेकपटक भेला हुँदा "प्रेरितहरुको विश्वासको सार" द्वारा आफ्नो विश्वास स्वीकार गर्दछन् र त्यसमा शब्दश: विश्वास गर्दछन् ।

"किनभने उहाँ (परमेश्वर) ले नै मानिसहरुलाई जीवन, सास र सबै चिज दिनुहुन्छ ।" (प्रेरित १७:२५)
"अरु कसैमा मुक्ति छैन, किनकि हामीले मुक्ति पाउनलाई स्वर्गमुनि मानिसहरुमा अर्को कुनै नाउँ दिइएको छैन ।" (प्रेरित ४:१२)

Nepali
मानमिन समाचार
मानमिन केन्द्रिय मण्डलीद्वारा प्रकाशित
२५३-गूरो-३ डूङ्ग, गूरो-गू, सियोल कोरिया (पोष्टल कोड ०८३८९)
फोन : ८२-२-८१८-७०४७, फ्याक्स: ८२-२-८१८-७०४८
http: //www.manmin.org/english
इमेल: manminministry@hotmail.com
प्रकाशक : जेरक ली
व्यवस्थापन सम्पादक : ग्यूमसून विन

# आत्मिक युद्धमा विजय हासिल गर्ने रहस्यहरू

प्रभुको दोस्रो आगमन नजिकिँदै जाँदा, शैतानको योजना झन्झन् दुष्ट र कुटिल बन्दै गइरहेको छ। अब एफिसी ६:१४-१७ मा आधारित भएर परमेश्वरका हातह( तियारको आत्मिक अर्थ बारे हामी अध्ययन गरौं।

## "यसकारण आफ्ना कम्मर सत्यले कसेर, धार्मिकताको छाती-पाता लाएर खडा होओ" (एफिसी ६:१४)।

यहाँ, 'कम्मर' ले सम्पूर्ण शरीरलाई थाम्ने निर्णायक भूमिका खेल्दछ। जब हामी कम्मर पेटी बाँध्दछौं, तब त्यस पेटीले तल्लो मेरुदण्डका साथै कम्मरका मांसपेशीहरूलाई बलियोसित थाम्दछ र कसिलो गरी पक्रिराख्दछ। कठिन काम गरिहेको समयमा कम्मर पेटी लगाउँदा हामी सन्तुलित महसुस गर्ने गर्दछौं। त्यसकारण, 'आफ्ना कम्मर सत्यले कसेर' को अर्थचाहिँ सत्य हुनुहुने येशू ख्रीष्टमा हामी दृढतापूर्वक खडा हुनु पर्दछ भन्ने हो।

जब हामी वचनमा दृढता पूर्वक खडा हुन्छौ, तब हामीमा आत्मिक शक्ति आउनेछ जसले गर्दा हामी शैतानको दुष्ट योजनाहरूद्वारा बहकिने छैनौं।

छाती पाता छातीको सम्पूर्ण भागलाई ढाक्ने कवच हो। यो नलगाएको खण्डमा, योद्धा गम्भीर रूपमा घाइते हुन सक्छ। आत्मिक युद्धमा विजय हासिल गर्नको लागि परमेश्वरले हामीलाई 'धार्मिकताको छाती-पाता लाएर खडा हुन' भन्नु भएको छ। परमेश्वरको वचनको ज्ञान हुँदैमा हामी धार्मिक हुन सक्दैनौं। हृदयदेखि वचनमा विश्वास गरेर त्यसलाई कार्यमा लागू गरेको खण्डमा मात्र हामी धार्मिकतामा पुग्न सक्छौं (रोमी १०:१०)। अर्थात्, पाप र दुष्टताहरू त्यागेर स्वयम्लाई सत्यताद्वारा भरेको खडमा मात्र हामी स्वयम्लाई शैतानदेखि बचाउन र साहसका साथ अन्धकारलाई धपाउन सक्छौं।



## "र खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार होओ" (एफिसी ६:१५)।

जब हामी हाम्रो पुरानो मनुष्यत्वलाई त्यसका दुष्ट आचरणहरूका साथ त्यागेर परमेश्वरसित समरूप भएको नयाँ मनुष्यत्वलाई धारण गर्दछौं, तब हामी खुट्टामा मिलापको सुसमाचारका जुत्ता लाएर तयार हुन सक्नेछौं। परमेश्वरको वचनप्रति आज्ञाकारी भई यस्तो गरेको खण्डमा हामी खुशी, आनन्द, धन्यवादिता र शान्तिले भरिनेछौं।

यसको विपरीत, परमेश्वरको वचन सिकेतापनि यदि हामी त्यसलाई कार्यमा लागू गर्दैनौं भने, ख्रीष्टियन जीवन जिउने क्रममा हामीले कठिनाइ र समस्याहरूको सामना गर्नुपर्ने हुन्छ। जब हामी व्यग्रताका साथ प्रार्थना गर्दछौं, तब हामीले पवित्र आत्माको भरपूरी र प्रेरणा प्राप्त गर्न सक्नेछौं र वचनअनुसार जिउन सक्नेछौं। जसको कारण हामी सधैँ आनन्दित रहन, निरन्तर प्रार्थना गर्न, सबै परिस्थितिमा धन्यवादी हुन सक्नेछौं (१ थेसलोनिकी ५:१६-१८)।

यदि हामी परमेश्वरलाई प्रेम गरी नयाँ भएका छौं अनि मिलाप र आनन्दमा रहन्छौं भने, हामीले प्रचार गरेको सुसमाचार, थुप्रै मानिसहरूले सुन्नेछन् र मृत्युको मार्गलाई त्यागेर जीवनको मार्गमा प्रवेश गर्नेछन्।

## "साथै विश्वासको ढाल उठाओ, जसबाट तिमीहरू दुष्टका सबै अग्निबाण निभाउन सक्नेछौ" (एफिसी ६:१६)।

यद्यपि, कुनै योद्धा जतिसुकै साहसी भएत( ापनि र उसले कवच पहिरेको भएतापनि, यदि उसले ढाल बोकेको छैन भने, उसको जीवन सजिलै जोखिममा पर्न सक्छ।

यदि कसैलाई अग्निवाणले हिर्काएको खण्डमा उसलाई गम्भीर चोटपटक लाग्न सक्छ। तर, हामी भने शैतानले अग्निपरीक्षाहरू मार्फत् हामीलाई प्रलोभनमा पार्न खोज्दा विश्वासको ढालद्वारा सुरक्षित हुन र त्यसका अग्निवाणहरू निभाउन सक्नेछौं।

यदि हामी विश्वासद्वारा सर्वशक्तिमान् परमेश्वरलाई प्रसन्न तुल्याउँदछौं भने, र ोगबिमार र गरिबी सहितका सबै समस्याहरू समाधान हुनेछन् र अन्धकारका शक्तिहरू धपाइनेछन्।

## "मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो" (एफिसी ६:१७)।

यदि युद्धभूमिमा योद्धाले धातुको टोप लगाउँदैन भने, योचाहिँ मृत्युलाई निमन्त्रणा दिएको जस्तै हुन्छ। आत्मिक रूपमा, मुक्तिको टोप एकदमै महत्वपूर्ण हुन्छ।

फिलिप्पी २:१२ ले भन्दछ, "यसकारण मेरा प्रिय हो, जसरी तिमीहरूले सधैँ आज्ञापालन गरेका छौ, मेरो उपस्थितिमा मात्र गरेजस्तो होइन, तर अब झन् बढी मेरो अनुपस्थितिमा डर र कम्पसाथ तिमीहरूको आफ्नो मुक्तिको काम पूरा गर्न परिश्रम गर।" ख्रीष्टमा विश्वासको स्वीकारोक्ति दिँदैमा जो कोहीले मुक्ति प्राप्त गर्न सक्दैन। मुक्तिलाई पूर्ण रूपमा प्राप्त नगरुञ्जेलसम्म, हामीले स्वयम्लाई संयमित राख्नुपर्दछ र सत्यतामा जिउनु पर्दछ।

यदि कुनै व्यक्ति मुक्तिप्रतिको धन्यवादिता र आनन्दले भरिनु भएको छ भने, उहाँको मुहारमा मुस्कान, ओठहरूमा प्रशंसा, र आँखाहरूमा आनन्दको चमक हुनुपर्दछ। उहाँका कानहरू परमेश्वरको वचन सुन्न तत्पर रहनेछन् र प्रभुप्रतिको प्रेमको कारण उहाँले आफ्नो जीवन नै अर्पण गर्नुभएर परमेश्वरको राज्यको निम्ति काम गर्नुहुनेछ।

यदि हामी मुक्तिको टोप लगाउँछौं भने, परीक्षाहरू आएतापनि, आत्मिक युद्धमा हामी त्यसमाथि विजयी हुनेछौं र परमेश्वरलाई महान् महिमा दिनेछौं।

छाती-पाता, टोप र ढाल सबै रक्षात्मक शस्त्रहरू हुन्, तर तरवार भने शत्रुमाथि जाइलाग्न प्रयोग गरिने प्रमुख आक्रमक हतियार हो। यो विना, हामी विजयी हुन सक्दैनौं। आत्मिक युद्धमा पनि यो कुरा लागू हुँदछ, शैतानलाई पराजित गर्नको लागि हामीले पवित्र आत्माको तरवार धारण गर्नु पर्दछ। पवित्र आत्माको तरवारले परमेश्वरको वचनलाई जनाउँदछ।

हामीले जति मात्रामा आत्मिक तवरले स्वयम्लाई वचनद्वारा सुसज्जित गर्दछौं, त्यति नै मात्रामा हामीले माथिबाट महान् शक्ति र अख्तियार प्राप्त गर्न सक्नेछौं र अन्धकारका शक्तिहरूलाई पराजित गर्न सक्नेछौं।

अन्ततः, परमेश्वरको वचनद्वारा आफैलाई सुसज्जित गर्नुचाहिँ, सारा हातहतियार धारण गर्नुभन्दा अधिको तयारी जस्तै हो। हार्दिक प्रार्थनाचाहिँ सारा हातहतियारहरूलाई धारण गर्ने कार्य जस्तै हो। परमेश्वरको शक्तिद्वारा असंख्य आत्माहरूलाई प्रभुमा डोऱ्याउनको लागि प्रार्थनाका साथै-साथै हामी वचनद्वारा पनि सुसज्जित हुनु पर्दछ।

अंक २८ जनवरी ३०, २०१७ मानमिन समाचार



# “परमेश्वरको शक्तिद्वारा मेरो परिवार ‘एक’ भयो”

डिकन सियोङ्टे पार्क, वर्ष ६०, मिन्याङ मानमिन चर्च

मेरो जन्म बौद्ध धर्मावलम्बी परिवारमा तेस्रो सन्तानको रूपमा भएको थियो, म एकदमै स्वार्थी भएर हुर्किएँ । सन् १९८७ मा, मेरो विवाह पश्चात्, मैले मेरी श्रीमती र छोराछोरीहरूलाई एकदमै दु:ख दिन थालेँ, उहाँहरूको कुरामा ध्यान नदिई म एकदमै रिसाउने गर्दथेँ । मेरी हजुरआमा, मेरो आमाबाबु र मेरो समेत सेवा गर्दा गर्दै मेरी श्रीमती डिप्रेशन लगायत अन्य थुप्रै रोगहरूबाट ग्रस्त हुनुभयो । उहाँले सम्बन्ध विच्छेदको बारेमा पनि सोच्नु भएको थियो ।

सन् १९९३ मा डा. जेरक लीको वचनको क्यासेट टेपले मेरो परवारमा ठूलो पविर्तन ल्यायो, जसमा उहाँले विशेष जागृति सभामा प्रचार गर्नुभएका वचनहरू थिए । वचन पछि मेरी श्रीमतीले उहाँको प्रार्थना ग्रहण गर्नुहुँदा पवित्र आत्माको आगो प्राप्त गर्नुभयो र थुप्रै रोगहरूबाट निको हुनुभयो । उहाँ हँसिलो अनुहारका साथ चर्च गएको देख्दा, मैले उहाँलाई पछ्याउन थालेँ । डा. लीका वचनहरूले मलाई मेरो जीवनको साँचो अर्थ महसुस गरायो र मेरो हृदयलाई छोयो ।

## मेरो आमाबाबु रोगहरूबाट निको हुनुभयो

म आइतवारको दिनलाई पर्खेर बस्दथेँ । शुरुशुरुमा त मेरा आमाबाबुले हाम्रो खेदो गर्नुहुन्थ्यो, तर मेरी श्रीमतीले हृदयदेखि उहाँहरूको सेवा गर्नुहुँदा र आफ्ना कर्तव्य पूरा गर्नुहुँदा, उहाँहरू परिवर्तन हुनुभयो । पछि, उहाँहरूले पनि चर्चमा दर्ता गराउनुभयो । डा. लीको प्रार्थनाद्वारा मेरो बुबा घुँडाको बाथ रोगबाट निको हुनुभयो र लडेर हड्डीहरू प्रभावित भएको मेरी आमाको ढाड परमेश्वरको शक्तिद्वारा सिधा भयो ।

सन् २००७ को ग्रीष्म ऋतुमा, बालीनालीमा थुप्रै हानिकारक कीराहरू देखा परे । फसलमा कीटनाशक प्रयोग गर्नुको अरू कुनै विकल्प छैन जस्तो मलाई लागेको थियो, तर त्यसै बेला गाइने किराको (ड्र्यागन फ्लाइ) ठूलो झुण्ड मेरो खेतमा देखापऱ्यो । परमेश्वरले उहाँहरूलाई केवल मेरो धान बालीमा मात्र पठाई दिनुभएको थियो जसको कारण मैले कीटनाशक प्रयोग गर्नु परेन र धेरै फसल कटनी गर्न सकेँ । त्यसबेलादेखि अहिलेसम्म, मैले दश वर्षको अवधिभरि धान खेतीमा कीटनाशक औषधि प्रयोग गरेको छैन । म यसको लागि एकदमै आभारी छु ।

चर्चमा दर्ता भएपछि, मलाई थुप्रै जिम्मेवारीहरू दिइयो र मैले विश्वासयोग्यताका साथ काम गर्न प्रयत्न गरेँ । यो लज्जासपद कुरा हो तर मैले चाहेको जस्तो नहुँदा म अझै पनि परिवारका सदस्यहरूसित रिसाउने गर्दथेँ । मेरा दुई छोराहरू मबाट टाढिएका थिए । परमेश्वर म पवित्र भएको चाहनुहुन्थ्यो, तर मैले त्यो कुरालाई बेवास्ता गरेँ । मैले स्वयम्लाई पूर्ण रूपमा परमेश्वरमा सुम्पिन थालेँ । मैले दानियल प्रार्थना सभामा प्रार्थना गर्न थालेँ र प्रार्थना सकेपछि पनि विशेष प्रार्थना चढाउन थालेँ ।

स्वार्थी जीवन जिएकोमा मैले पश्चात्ताप गरेँ र अहङ्कार त्याग्न अनि अरूलाई ध्यान दिन प्रयास गरेँ । यसो गर्दा, लामो समयदेखि मेरो निम्ति समस्या खडा गरिरहने मेरो तातो रीस विस्तारै हराउँदै जान थाल्यो । मैले मेरा छोराछोरीहरूको कुरा सुन्न थालेँ र श्रीमतीलाई पनि घरधन्दाका कामहरूमा सघाउन थालेँ । कहिलेकाँही म आफूलाई देख्दा छक्क पर्दथेँ । त्यसपछि, मेरो परिवारले न्यानोपना महसुस गर्नुभयो र अरूले पनि मेरो प्रशंसा गर्न थाल्नुभयो ।

सन् २०१७ को जनवरी १६ मा, मेरी श्रीमतीलाई खोकी लाग्न थाल्यो र उहाँलाई लगातार उच्च ज्वरो आइनै रह्यो । एक्स-रे र सीटी स्क्यानको रिपोर्टले उहाँलाई अन्तिम चरणको फोक्सोको क्यान्सर भएको देखायो । डाक्टरले उहाँलाई अन्य ठूला अस्पतालका डाक्टरहरूसित परामर्श लिन भन्नुभयो किनभने त्यहाँ ट्यूमर जस्तै ५ से.मी. को पिड्को देखापऱ्यो । जनवरी १८ मा, बुसान विश्वविद्यालय अस्पतालले पनि उहाँलाई अन्तिम चरणको फोक्सोको क्यान्सर भएको बतायो । अनि डाक्टरले उहाँलाई बायोप्सी (शरीरबाट तंतुको नमूना लिएर जाँच्ने प्रविधि) गर्ने सुझाव दिनुभयो । उहाँले अस्पतालको कोठाबाट नै स्मार्ट फोनद्वारा दानियल प्रार्थना सभामा सहभागी बन्नुभयो र आफ्ना कमीकमजोरीहरूको निम्ति पश्चात्ताप गर्नुभयो । उहाँले स्वचालित प्रतिक्रिया प्रणालीमा राखिएको डा. लीले बिरामीहरूको निम्ति गरिदिनु भएको प्रार्थना ग्रहण गर्नुभयो ।

जनवरी २५ मा, उहाँको बायोप्सीको रिपोर्टले उहाँलाई सुजन मात्र भएको देखायो । फेब्रूअरी २ मा, गरिएको पुन परीक्षणको रिपोर्टले पनि ट्यूमर विनाको सुजन भएको उही नतिजा देखायो । मार्च २ मा, फेरि पनि परीक्षणको नतिजा त्यही थियो । उहाँ र म, हाम्रो निम्ति प्रार्थना गरिदिनु हुने गोठालोको प्रेमको लागि कृतज्ञ भयौं ।

कुनै कुराको चिन्ता नलिई उहाँ केवल परमेश्वरमा भर पर्नु भएको देख्दा, परमेश्वरको शक्ति प्रकट हुने चर्चमा जान पाएकोमा मेरो परिवार आभारी भएको छ । म सम्पूर्ण धन्यवाद र महिमा परमेश्वरलाई दिन्छु जसले मेरो परिवारलाई एक सुखी परिवारमा परिवर्तन गरिदिनु भयो ।

# “मैले जोर्नीहरूको बाथ रोगबाट चङ्गाइ पाएँ र मेरो सुन्ने क्षमतामा सुधार भयो”



दिदी क्लाउडिया बेरनियक, वर्ष ५५, फ्रान्स

जोर्नीहरूको बाथको कारण मैले दश वर्षको उमेरदेखि नै औषधि खान थालेँ । तीस वर्षको हुँदा, ओटोस्क्लेरोसिस् (कानभित्र बीचको भागमा हाड पलाउनु) को कारण मेरो दुवै कानको शल्यक्रिया गरिएको थियो, तर मेरो बायाँ कानमा समस्या देखा पऱ्यो र सुन्नमा कठिनाइ हुन थाल्यो । सन् १९९९ मा पहिलो छोरा जन्मेपछि मेरो पेटमा पनि समस्या देखा पऱ्यो । म दुखाइ र रोगहरूको बीच थलिएँ ।

त्यस माथि झनै मेरो जेठो छोरा लागूपदार्थको दुर्व्यसनीमा फस्यो । म एकदमै हतास भए र हरेक दिन ऊसित बहस गर्न थालेँ । मैले यस्तो बोझको साथमा कष्टित जीवन जिइरहेको बेला, सन् २०१४ मा मैले मेरो परिचित मित्र जेनेटलाई भेटेँ । मानमिन केन्द्रीय चर्चको सिनियर पास्टर डा. जेरक लीका वचनहरूद्वारा परमेश्वरको प्रेम महसुस गरेर वचन पालना गरेपछि उहाँको जीवनका हरेक समस्याहरू समाधान हुनुका साथै उहाँ निको हुनुभएकोले गर्दा उहाँ अत्यन्तै खुशी हुनुहुन्छ भनी उहाँले मलाई भन्नुभयो ।

उहाँले मलाई क्रूसको सन्देश, स्वर्ग, नरक, र चङ्गाइकर्ता परमेश्वर जस्ता पुस्तकहरू दिनुभयो । मैले धेरै अनुग्रह प्राप्त गरेँ । बीस वर्षअघि नै बप्तिस्मा लिई म इसाई भएको थिएँ, तर मैले यस्तो वचन सुनेकै थिइनँ ।

म जीसीएन मार्फत् चर्चका सेवाहरू र प्रार्थना सभामा सहभागी हुन थालेँ । सन् २०१५ को मे महिनामा, अन्तत: मानमिनको सदस्यको रूपमा मैले दर्ता गराएँ ।

सन् २०१६ को जुन महिनामा, मानमिनको वर्ल्ड गाइडेन्स पास्टर, रेभ हिसन ली, फ्रान्समा आउनु भएर रुमालको चङ्गाइ सभा आयोजना गर्नुभएको थियो (प्रेरित १९:११-१२) । डा. जेरक लीले प्रार्थना गरिदिनु भएको रुमालबाट प्रार्थना ग्रहण गरेपछि, म १७ वर्ष देखि ग्रस्त भएको पेटको समस्या र ४४ वर्षदेखि ग्रस्त भएको जोर्नीहरूको बाथ रोगबाट निको भएँ ।

अगष्ट महिनामा, लागू पदार्थको लतको कारण अस्पतालमा भर्ना भएको मेरो जेठो छोराको निम्ति सिनियर पास्टरबाट प्रार्थना ग्रहण गर्न म दक्षिण कोरिया गएँ । मानमिन समर रिट्रिटको पहिलो दिनमा विश्वासका साथ प्रार्थना ग्रहण गरेपछि, मेरो छोरा सुध्रियो र शान्तिप्रिय बन्यो । अनि मेरो बायाँ कानले पनि सुन्न थाल्यो । म राम्ररी सुन्न सक्ने भएको छु । हाल्लेलूयाह !